जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)–०३९/०४०

# नवीन साप्ताहिक

स.वि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ३९ अंक २४ २०७७ साल पुस २६ गते आइतवार (10 Jan 2021 Sunday) मूल्य रु. ७/-



**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- कुनै अभियोगमा कसूरदार ठहर भए पछी मात्र सजाय निर्धारण हुने,
- बालवालिकालाई सजाय निर्धारण गर्दा बालबालिकाको सर्वोत्तम हित समेतलाई विचार गर्नु पर्ने,
- जरिवाना लागेको व्यक्तिले किस्तावन्दीमा जरिवाना तिर्न सकिने,
- पीडितलाई पुगेको भौतिक, शारीरिक, मानसिक, भावनात्मक क्षतिवापत क्षतिपूर्ति भराई दिनु पर्ने,
- कैदको विकल्पको रुपमा सामुदायिक सेवा, सुधार गृह, पुनर्स्थापना केन्द्र, खुला कारागार, प्यारोल, कैद वापत श्रम सामाजिकीकरण लगायतका उपाय अवलम्वन गर्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



*यस अंक भित्र* – **पृष्ठ २ मा** : विभिन्न मुद्दामा अदालतबाट ... **पृष्ठ ३ मा** : नेकपा विवादले निम्त्याएको ... **पृष्ठ ४ मा** : भारतीय एसएसबीद्वारा पुल ... **पृष्ठ ५ मा** : महादेवा गापामा ...


# करेन्ट लागेर हात्तीको मृत्यु




**राजविराज**/सप्तरीको खडक नगरपालिका वडा नं. ४ अमहामा शनिबार बिहान करेन्ट लागेर एक भाले हात्तीको ज्यान गएको छ ।

हात्ति रोक्न बिच्छयाइएको विद्युतीय तारमा परेर करेन्ट लागि हात्तिको मृत्यु भएको जिल्ला वन कार्यालय सप्तरीले जनाएको छ ।

दैनिकरुपमा हात्ती आउने गरेकाले रातीको समयमा स्थानियले हात्ती धपाउनका लागि बिच्छाएको बिद्युतीय तारमा करेन्ट लागेर भाले हात्तीको मृत्यु भएको डिभिजन वन कार्यालय राजविराजका प्रमुख सन्तोष झाले जानकारी दिएका छन् ।

कोशी टप्पु वन्यजन्तु आरक्षबाट आउने गरेका हात्तीले खडक नगरपालिका तथा आसपासका बस्तीमा पस्ने र उत्पात मच्याउन थालेपछि स्थानियले सुरक्षाका लागि रातीको समयमा विद्युतीय तार विच्याउने गरेको स्थानिय दिनेश चौधरीले जानकारी दिए ।

केही दिनयता कोशी टप्पु वन्यजन्तु आरक्षबाट दैनिक आउने हात्तीका कारण सो क्षेत्रका बासिन्दा रातभर जागराम बस्ने गरेका छन् ।

# आगलागिमा १५ लाख बढीको क्षति, सात वटा पशुचौपाया जलेर घाइते



**राजविराज**/सप्तरीको छिन्नमस्ता गाउँपालिका ५ स्थित लोखरम टोलमा शुक्रबार राती आगलागि हुँदा १५ लाख बढी मुल्य बराबरको क्षति भएको छ ।

आगलगिमा एक गाईगोठ, दुई घर, एक बैलगाडा, दुई साइकल, भाडाकुडा र खाद्यान्न समेत जलेको छ ।

स्थानिय राजदेव सुतिहारको गाईगोठमा लागेको आगोले सुतिहारको गाईगोठका साथै छिमेकी गोसाई सुतिहार र कृष्णा सुतिहारको घर जलेर नष्ट हुँदा १५ लाख भन्दा बढीको क्षति भएको पीडितहरुले बताएका छन् ।

यस्तै सातवटा पशुचौपाया समेत जलेर घाइते भएको राजविराज नगरपालिका बारुणयन्त्र विभागका कर्मचारी श्याम यादवले जानकारी दिएका छन् ।

राजविराज नगरपालिकाको बारुणयन्त्र, शसस्त्र र नेपाल प्रहरी तथा स्थानिय वासिन्दाको मद्दतले एक घण्टाको प्रयासपछि आगोमाथी नियन्त्रण पाएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यसअघि सोही टोलमा पुस ११ गते सोनाई सुतिहार तथा पुस १७ गते महाबिर साहको घरमा आगलगि हुँदा लाखौंको धनमाल जलेर नष्ट भएको थियो ।

प्रायजसो लगातार आगलगि हुन थालेको तर, कारण खुल्न नसक्दा स्थानिय त्रसित भएका छन् । सोही टोल निवासी पूर्वसांसद सकलदेव सुतिहारले आगलगिका डरले चिसोका वावजुद विगत एक महिनादेखी स्थानियले घुर बाल्न छाडेको बताए ।

# लागुऔषध कारोबारी पूर्पक्षका लागि कारागार चालान

**राजविराज**/सप्तरीको बोदेबरसाईन नगरपालिकाबाट आफ्नै कुखुरा फर्ममा लागु औषधको कारोबारमा पक्राउ परेका एक अभियुक्तलाई पूर्पक्षका


*बाँकी पाँच पृष्ठमा*


# काँग्रेस सप्तरीद्वारा ८ वटै प्रदेशसभा निर्वाचन क्षेत्रमा बिरोधसभा




**राजविराज**/नेपाली काँग्रेस सप्तरीले जिल्लाको ८ वटै प्रदेशसभा निर्वाचन क्षेत्रमा शनिबार बिरोध प्रदर्शन तथा सभा सम्पन्न गरेको छ ।

प्रतिनिधिसभा विघटनको बिरोधमा काँग्रेस र उनका भातृसंस्थाका नेता तथा कार्यकर्ताले बिरोधसभाको आयोजना गर्दै प्रतिनिधिसभा विघटनलाई असंबैधानिक कदमको


*बाँकी पाँच पृष्ठमा*





## सम्पादकीय ....

# निर्माण कार्यमा अवरोध हटाउनु जरुरी

कुनै पनि विकासीय योजनामा अवरोध पुऱ्याउनु भनेको कानुन सम्वत हुदैन् । तर, कसैले कुनै पनि वहानामा ती योजनाहरुमाथी रोक लगाउनु वा अवरोध पुऱ्याएमा त्यसको कानुनी उपचार आवश्यक हुन्छ । तर सप्तरीमा हुलाकी सडक अन्तरगत एक पुल निर्माण कार्यमा भारतीय सुरक्षाकर्मीले अवरोध पुऱ्याएको छ । सो हस्तक्षेपले दुई देशबीचको पर्राष्ट्र नीति विपरीत हो । यो विषय दुई देशबीच पर्राष्ट्र कुटनीति पहलबाट समाधान हुने कुरो हो ।

हुलाकी सडक अन्तरगत पुल निर्माण कार्य नेपाल सरकारले गर्ने तथा सडक निर्माण कार्य भारतीय सरकारले गर्ने सहमति भएको छ । तर, भारतीय पक्षले आफ्नो क्षेत्रमा सुरक्षाको कारण देखाएर पुल निर्माण गर्न नदिने कुरा पत्यरिलो छैन् । कीन भने निर्माण कार्य हुनुभन्दा पहिले दुबै देशबीच सम्झौता तथा कुनै वाधा नगर्ने शर्तमा भएको हो । तर अहिले आएर भारतीय पक्षले कुनै वहाना बनाउनु त्यो न्यायोचित भएन् । सम्पूर्ण सर्वे तथा इस्टिमेट तथा सीमाना छुट्याएर थालिएको कार्यप्रतिको हस्तक्षेप कसैलाई स्विकार्य हुदैन् ।

तसर्थ यस्ता अवरोधप्रति नेपाल सरकार गम्भिर हुनु आवश्यक छ । चाडै भारतीयपक्षसँग छलफल गरेर अवरोध हटाई निर्माण कार्यलाई प्रमुखताका साथ अगाडी बढाउन नेपाल सरकारले अग्रसरता देखाउनु जरुरी छ ।

# विभिन्न मुद्दामा अदालतबाट सजाय तोकेर फरार ३ सय ९७ प्रतिवादी पक्राउ




**राजविराज**/सप्तरी प्रहरीले अदालतबाट सजाय तोकेको फरार अभियुक्तहरुलाई पक्राउ गर्ने अभियान चलाएपछि धमाधम ती अभियुक्तहरु पक्राउ पर्न थालेका छन् ।

पछिल्लो समय फरार अपराधी पक्राउ गर्न सप्तरी प्रहरीले चलाएको अभियान अन्तरगत साउन १ देखी पुस २४ सम्मको ६ महिने अवधीमा विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय तोकी फरार रहेका ३ सय ९७ जना फरार प्रतिवादीलाई प्रहरीले पक्राउ गरि अदालतमा बुझाएको छ ।

यसरी पक्राउ परेका अपराधीबाट जरिवाना वापत १० लाख ९८ हजार ३ सय २५ रुँपैया असुली भएको तथा उनीहरुको ६० वर्ष ९ महिना २२ दिन कैद भुक्तान बाँकी रहेको प्रहरी उपरिक्षक धमलाले बताएका छन् ।

प्रहरी नायब उपरिक्षक भुवनेश्वर साहले यस अवधीमा जिल्ला प्रहरी कार्यालय मातहतमा रहेको इलाका प्रहरी कार्यालय कल्याणपुर, कडोरबोना र कंचनपुरमा समेत गरि कुल ४ सय ३७ मुद्दा दर्ता भएको जानकारी दिए । सोही अवधीमा भन्सार छलि अवैध रुपमा भित्राइएका २ करोड १२ लाख ८२ हजार ८ सय ७४ रुँपैया मुल्य बराबरको तीन थान पिकअप, ८२ थान मोटरसाइकल, ८ थान अटोरिक्सा, ५ थान ट्र्याक्टर र दुई थान टेम्पु जफत गरि भन्सार कार्यालय बुझाइएको डिएसपी साहले जानकारी दिए ।

# ज्यान मार्ने उद्योगमा संलग्न एक अभियुक्त १२ वर्षपछि पक्राउ

**राजविराज**/प्रहरीले १२ वर्षअघि ज्यान मार्ने उद्योग घटनामा संलग्न भई फरार रहेका एक अभियुक्तलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा जिल्लाको कंचनरुप नगरपालिका ५ निवासी ३८ वर्षिय गोरिया भन्ने बिरेन्द्र मलाहा रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

बि.स. २०६५ असोज ६ गते सोही वडाका दौलत पाण्डे र उनको आफन्तमाथी भएको ज्याान मार्ने उद्योग घटनामा सप्तरी जिल्ला अदालतबाट ५ वर्ष कैद सजाय फैसला सुनाइएपछि फरार रहेकाले मलाहालाई अदालतमा उपस्थित गराई कैद सजाय भुक्तान गर्न कारागार पठाएको प्रहरीले जनाएको छ ।

विशेष सूराकीको आधारमा खटेको प्रहरी टोलीले उनलाई गाउँमै लुकेर कसेको अवस्थामा पक्राउ गरेको प्रहरी उपरिक्षक राजेन्द्र धमलाले जानकारी दिएका छन् ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# नेकपा विवादले निम्त्याएको विदेशी हस्तक्षेप



**उपेन्द्र झा**

अनधिकृत रुपमा संसद विघटन गरेर प्रधानमन्त्री केपी शर्मा ओलीको नेपाली राजनीति आफूबाहेक अरु कसैले प्रयोग गर्न नसक्ने गरि देखाएको तानाशाही कदमले नेपालको राजनीति त तरंगित छ नै, उत्तर दक्षिणका छिमेकीहरु पनि धेरै चासो र चिन्ता व्यक्त गरेका छन् । सबभन्दा अचम्म लाग्ने कुरा के हो भने ओलीको निरंकूश कदम विरुद्ध सडकमा नाटकीय ढंगको विरोध प्रदर्शन देखिएपनि यस कदमबाट सबै राजनीतिक दलहरु मनमनै आनन्दित नै भएका छन् । ओलीले नेकपाको दुई तिहाईको क्रूर पञ्जाबाट नेपाली राजनीतिलाई मुक्त गरिदिएको कारणबाट सबैले अब अवसर पाउने भएर खुश भएका छन् ।

व्यक्तिगत अवसरका लागि राजनीति गर्ने, देश र जनताका लागि कुनै जिम्मेवारी नबुझ्ने यहाँका दलहरु अहिले ओलीको असंवैधानिक कदमको विरुद्ध प्रष्टसंग आफ्ना विचार पनि राख्न सकिरहेको छैन । घटना वा दुर्घटनामा व्यक्तिगत अवसर मात्र खोज्ने, हरेक वाक्यमा "हामी लोकतान्त्रिक पार्टी" "हामी सोशलिष्ट पार्टी" भन्ने दलहरु ओलीको कदमबारे साँकेतिक असहमति राखेपनि संसद पुनर्स्थापना विषयमा कसैलाई नबोल्न ह्विप जारी गरको छ । नेपाली काँग्रेसको वैचारिक स्पष्टता तथा न्याय पक्षीय दृढता केही नदेखिएकोले एकमात्र जनता समाजवादी पार्टीको सडक तताउने प्रयासको कुनै अर्थ छैन ।

प्रधानमन्त्री केपी शर्मा ओलीले गरेको असंवैधानिक "कू" को यात्रा, संकटकालभन्दा पनि अगाडि जाने उनको योजना छ । केपी शर्मा ओली संसद विघटन गरेर धेरै जोखिमपूर्ण अवस्थामा प्रवेश गरेको छ । ओली गन्तव्यमा नपुगी राजनीतिलाई सामान्यीकरण हुन पनि दिंदैन । संविधानमा हुँदै नभएको अधिकार प्रयोग गरेर "भालूको कञ्चट" समाएको जोखिम प्रधानमन्त्रीले उठाएको छ । राजनीति सामान्यीकरण हुँदा उनले व्योहोर्नु पर्ने जोखिमबारे उहाँ अवगत हुनुहुन्छ । यो कदम पनि हठात् नभईकन सुनियोजित तरीकाले अगाडि बढेका कारण उनको बडी ल्याङ्गवेजबाट स्पष्ट हुन्छ ।

यस कदमबाट प्रतिक्रियात्मक रुपमा सडक संघर्ष विकसित हुँदै ठूलो चुनौतीको आकार लिएपछि संकटकालको घोषणा ओली रणनीतिको दोश्रो चरणको शुरुवात हुनेछ । आन्दोलनकारीको दमनात्मक स्थिति पैदा गरेर राजनीतिको पूर्ण अराजक र विकृत अवस्था सृजना भएपछि अन्तर्राष्ट्रिय मध्यस्थताबाट संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान खारेज गरि राजनीतिक दलहरुको बहुपक्षीय आकाँक्षा अनुरुपको नयाँ संविधान ल्याउने रणनीति रहेको छ ।

नेपाली काँग्रेस, नेकपा र जनता समाजवादी पार्टीले दर्शनको जति कुरा गरेपनि यिनको मूल गन्तव्य राज्यसत्ता हो । राज्यसत्तामा पुगेर स्वार्थनीति बाहेक यिनको देश र जनताको कुनै चासो चिन्ता हुँदैन । रैतीबाट नागरिक बनाउने प्रतिबद्धता देखाएपनि यी प्रगितीशील दार्शनिकहरु सत्ताको मोहमा सबै बिर्से । कम्युनिष्ट सरकारको कार्यकाल त झनै कलंकित अवस्थाको रह्यो । खानपीन गराएर भोट संकलन गर्ने पुरानो प्रथालाई प्रगतिशील भनाउँदाहरुले नगद करोडौं रकम बाँड्ने नयाँ प्रथाको थालनी गरे । जनता त्यसैपनि यथास्थितिमा रह्न बाध्य भयो । पैसा दिएर भोट लिंदा जनताप्रति दायित्व त्यहीं सकिएको जनप्रतिनिधिहरुको बुझाई रहेकोले स्वार्थलिप्सा झन्-झन् बढ्दै गएको हो ।

राष्ट्रिय राजनीति वृतमा थालिएको राजनीतिक खेलबारे अनभिज्ञ रहेको पार्टी कार्यकर्ताहरु सडकमा ज्यान गुमाउन आन्दोलनरत् छन् । जनता समाजवादी पार्टीले चरणबद्ध रुपमा विरोधका कार्यक्रम गरि रहेका छन् भने राजनीतिक खेलको कपट चाल बुझ्ने नेपाली काँग्रेस बडो सतर्कतापूर्वक साँकेतिक विरोध प्रदर्शन गरि रहेका छन् । प्रचण्ड नेपाल समूहको नेकपा पनि सोहीबमोजिम अगाडि बढि रहेको छ । यस आन्दोलनमा जोश छैन, जाँगर छैन, अन्य पार्टीको ऐक्यबद्धता छैन । तर पनि संगठित आन्दोलन हुन्छ । कसैलाई संसद स्थापना गराउन र कसैलाई संकटकाल लगाउन आन्दोलन त चाहिन्छ । त्यस कारण पनि आन्दोलनको अपरिहार्यता सबैले महसूस गरेका छन् ।

संसद विघटनभन्दा पनि नेकपा विभाजनबाट चीन धेरै चिन्तित देखिएको छर स । यी दुबै घटना घट्नुपूर्व नेकपा भित्रको अन्तर्संघर्ष मिलाउने सिलसिलामा १४ मंसीरमा चिनियाँ रक्षामन्त्री जनरल वेई फेङ्गे आएर नेकपा सम्हाल्ने धेरै प्रयास गऱ्यो । त्योभन्दा पूर्व नेपालका लागि चिनियाँ राजदूत होउ यान्छी अहोरात्र खटेर नेकपाका सबै नेताको घरदैलोमा पुगी विस्फोटलाई रोक्ने प्रयास गर्दै थिइन् । यान्छीको प्रयास पर्याप्त नभएको चीनले अनुभव गरि रक्षामन्त्रीलाई नेपाल पठायो । तर पनि उपरोक्त घटना घट्यो । नेकपाको विभाजन चीनको लागि असह्य भएकोले एक महिना नपुग्दै चीनले अन्तर्राष्ट्रिय समन्वय विभागका उपमन्त्री गुओ येझाउलाई १२ पौषमा नेपाल पठायो ।

ओलीको देवत्व प्राप्त गरेको महत्वाकाँक्षा माथि आफ्नै सहकर्मीहरुको निरन्तर चोटको पीडालाई चीनले पनि नबुझेका कारण ओलीले चीनसँगको गहिरो न्यानो सम्बन्धलाई तिलाञ्जली दिई प्रतिस्पर्धीलाई पाठ सिकाउन यो कदम चालेको हो । असंवैधानिक कदम भनिएपनि ओलीले गरेर देखायो । अझै पनि कति कुराहरु गर्दै जाने सम्भावना छ । उनको महत्वाकाँक्षा माथिको प्रहारलाई चीनले बुझेन र ऊ नेकपाको एकतालाई मात्र देख्यो । अहिले पनि चीन व्यक्तिलाई होइन, पार्टी बचाउन खोजेकोले चीनबाट जतिसुकै कूटनयिकहरु नेपालमा आएपनि उनको दाल नगल्ने परिस्थिति ओलीले निर्माण गरि दिएको छ । यति मिहिनेतले बनाएको आफ्नो प्रभाव क्षेत्र पुनश्चः भारत र अमेरिकाको हातमा जाने चिन्ताले चीनको राजनीतिमा हलचल मचाएको छ ।

चीन-भारत र चीन-अमेरिकाको तनावपूर्ण सम्बन्ध वारको चरम विन्दुमा छ । चीन-भारत सीमानाकामा अनेक युद्ध सामग्री र सैन्य बलको तैनाथीले चीन जुन बेला पनि तृतीय विश्वयुद्धको प्रमुख कारण बन्न सक्ने खतरा छ । त्यस्तै अमेरिकासँग पनि युद्ध तनाव शिखरमा छ । नेकपाका कारण नेपालमा गहिरिंदो संवैधानिक संकटमा भारत र अमेरिका खेल्न सक्ने चीनको चासो छ । तिब्बतको सुरक्षालाई लिएर नेपालमा फैलाएको आफ्नो प्रभाव खुम्चिदै भारत र अमेरिकाको प्रभाव बढ्ने आशंकामा चीन गहिरो संकटमा परेको छ । चीनसँग एकतर्फी सम्बन्ध सुधार्ने नाममा भारतसंगको सम्बन्ध लामो समयदेखि तनावपूर्ण अवस्थामा बित्यो । नेपालको निकास द्वार रहेको भारतसँग बिग्रेको सम्बन्धबाट नेपाललाई नै घाटा हुने देखेर प्रधानमन्त्रीले सम्बन्ध सुधार्ने प्रयास गरेका हुन् ।

सम्बन्ध सुधार्ने प्रयासको ओलीबाट पहल हुँदा चीन जस्तै भारतबाट रअ प्रमुख सामन्तकुमार गोयल, सेनाध्यक्ष मनोज कुकुन्द नरवणे, विदेश सचिव हर्षबर्द्धन श्रृँगला र वीजेपी विदेश विभाग प्रमुख विजय चौथाइवा दुई महिनाको अन्तरालमा नेपाल भ्रमण गरि सकेर सम्बन्धको तनावलाई हटाउने प्रयास गरेका छन् । एमसीसी पास गराउने अमेरिकासँगको बोल कबोलको विरुद्ध विगतमा देखिएका बाधा व्यवधान हटेकोले एमसीसी पास हुने सम्भावना पनि बढेकोले चीनको चिन्ता बढ्नु स्वाभाविक हो ।

नेपालको मामिलामा भारतको किञ्चित पहललाई हस्तक्षेप भयो भनेर एकै स्वरमा कराउने राजनीतिक दलहरु कमसे कम चीनको हस्तक्षेपलाई अंगीकार गरी मौनता धारण गर्दै आएको चीनको लागि यही ठूलो उपलब्धि हो । जब चीन विरुद्धमा हस्तक्षेप, एकाधिकार, अतिक्रमणबारे आवाज उठ्न थाल्छ अनि मात्र चीनको नेपालसंग सम्बन्ध बिग्रियो बुझ्नु पर्दछ ।

नेपाल-भारतको प्राकृतिक सम्बन्धकै कारण सीमानाका खुला छ । कोरोनाको बेला घर आएका नेपालका मजदूरहरु कोरोनाको जोखिमको चिन्ता नगर्दै पुनश्चः भारत फर्केको दृश्यले नेपाल-भारतको सम्बन्धलाई वर्णन गर्दैन ? पारस्परिक जतिसुकै सीमा तनाव आएपनि सम्बन्धको सम्वेदनशीलताले स्वतः हल गरी सम्बन्धलाई सामान्य बनाउँछ । पाकिस्तान जस्तै नेपाललाई भारतको विरोधमा उतार्ने चीनको कट्टरवादी सोच नेपाल-भारत सम्बन्धको रापतापमा त्यसै पग्लेर जाने यथार्थलाई चीनले स्वीकार गर्नु पर्दछ ।

भारतसँग सम्बन्ध सुधार्ने प्रधानमन्त्री ओलीको सकारात्मक पहल दिनानुदिन गहिरो हुँदै गई रहँदा भारतीय विस्तारवाद मुर्दावादको नारा लगाउनेहरु स्वतः मौन हुने यो सम्बन्धको विशेषता हो । यसबाट चीन आत्तिनु पर्दैन । नेपाल-भारतको शताब्दियौंदेखि रहेको प्राकृतिक सम्बन्धलाई आफ्नो स्वार्थमा प्रयोग गर्दा त्यसबाट उत्पन्न विग्रह नेपालले एक्लै बेहोर्नु पर्ने कुरा नेपाललाई थाहा छ ।

नेकपा विभाजन र संसद विघटन गरि केपी शर्मा ओली उत्तरको जटिल हिमाली राजनैतिक यात्राभन्दा दक्षिणको सुगम लामो यात्रामा निस्केका छन् । यात्रा पूरा गरि फर्केर आउँदा जतिबेला पनि बिना सूचना नेपाल भ्रमण गर्ने चिनियाँ राजनयिकहरुका लागि यो सुविधा बन्द हुनेछ । नेपाल-भारत सम्बन्ध सुधारको नयाँ संस्करण आकर्षक हुने अनुमान गरिन्छ । दीर्घकालिक प्रभाव जमाउने, कसैले छिद्रान्वेषण गर्न नसक्ने, सबै देशसंग सन्तुलित कूटनीतिक सम्बन्ध स्थापित हुने गरि यो सम्बन्ध दुबै देशको हितमा विकसित हुनेछ । नेपाली जनतालाई आफ्नो स्वार्थमा प्रयोग गर्ने चीनको दाउ असफल हुने आगामी दिनले देखाउने छ । (*मधेश दर्पण फिचर सेवा*)


## हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**



## सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# भारतीय एसएसबीद्वारा पुल निर्माण कार्यमा रोक

**राजविराज**/सप्तरीको डाक्नेश्वरी नगरपालिका ६ स्थित हुलाकी सडक खण्डमा पर्ने एक पुल निर्माण कार्य भारतीय सुरक्षाकर्मी एसएसबीले रोकेको छ। काम रोकेपछि पुल निर्माण कार्य विगत एक महिनादेखी ठप्प भएको छ।



आयोजना अन्तरगत कठौना-पातो लिंक रोडमा पर्ने खडक खोलामा पुल निर्माण कार्यमा भारतीय सुरक्षाकर्मीहरुले अवरोध पुऱ्याएका हुन्।

सुरक्षाको कारण देखाई भारतको मधुवनी जिल्ला अन्तरगत करियौतस्थित एसएसबीले पुल निर्माण कार्यमा अवरोध पुऱ्याएको जनाइएको छ।

हुलाकी राजमार्ग योजना कार्यालय इटहरीका इन्जिनियर आशुतोष कर्णले सीमा क्षेत्रबाट १ सय ९५ मिटर मात्रको दुरीमा रहेको र पुल निर्माण सुरक्षासित समेत जोडिएको विषय हो भन्दै निर्माणस्थलमै पुगेर एसएसबीको टोलीले एक महिनाअघि नै भनेपछि निर्माण कार्य रोक्नु परेको जानकारी दिएका छन्।

उनले भारतीय गाउँ करियौत र नेपालतर्फका बासिन्दाले सहमति जनाएपछि नेपाल सरकारले ठेक्का लगाएको बताए। काठमाडौंस्थित इलाइट कन्ट्रक्सन प्रालिले १ सय १२ मिटर लम्बाई तथा ११ मिटर चौडाईको उक्त पुल निर्माणको १८ करोड ३३ लाख रुँपैयामा ठेक्का पाएको उनले जनाए।

यता सीमावर्ती भारतीय गाउँ करियौतका सत्यनारायण यादवले पनि दुवै पक्षका गाउँवासीहरुको संयुक्त बैठकबसी पुल निर्माणमा मद्दत गर्ने प्रतिबद्धता व्यक्त भएको बताउँदै अचानक एसएसबीले निर्माण कार्य रोक्नु उचित नभएको प्रतिक्रिया दिएका छन्।

यता सप्तरीका प्रमुख जिल्ला अधिकारी शंकरहरि आचार्यले काम रोकिएको विषयमा मधुवनी जिल्लाका डिएमसँग समेत वार्ता गरि आवश्यक पहल भइरहेको जानकारी दिए।

# ब्राउनसुगरसहित पक्राउ परेका युवक कारागार चलान

**राजविराज**/लागुऔषध ब्राउनसुगरसहित पक्राउ परेका तथा प्रहरीलाई मोटरसाइकलबाट ठक्कर दिएर फरार भएकालाई जिल्ला अदालतको आदेशले पूर्पक्षका लागि कारागार चलान गरिएको छ।

तिलाठी कोइलाडी गाउँपालिका ७ का २७ वर्षीय भरत शर्मा सुतिहारलाई पुर्पक्षका लागि राजविराज कारागार पठाइएको प्रहरीले जनाएको छ।

गत कात्तिक १ गते सुतिहार अग्निसाइर कृष्णासवरन गाउँपालिका ५ बकधुवास्थित भित्री सडकखण्डबाट ५० ग्राम खैरो हेरोइनसहित पक्राउ परेका थिए।

यस्तै प्रहरीलाई नै मोटरसाइकलबाट ठक्कर दिई फरार एक प्रतिवादीलाई प्रहरीले बुधबार पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सिरहाको लहान नगरपालिका १८ निवासी डम्बर नारायण चौलागाई रहेका छन्। उनलाई प्रहरीले घरबाटै पक्राउ गरि अदालत समक्ष हाजिर गराएपछि पुर्पक्षका लागि कारागार चलान गरिएको छ।

गत मंसिर १ गते पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको सुरुङ्गा नगरपालिका ४ कदमाहा चौक नजिकै चेकजाचमा खटिएका प्रहरी सहायक निरिक्षक हिम बहादुर खतिवडालाई स.७प. २५८० नम्बरको मोटरसाइकल चढेका चौलागाइले ठक्कर दिई गम्भिर घाइते बनाई फरार भएका थिए।

फरार उनलाई पक्राउ गरी सवारी अङ्गभङ्ग मुद्दा चलाइएको छ। दुर्घटनामा घाइते प्रसनि खतिवडाको खुट्टा भाँचिएको थियो।

# गाडीको ठक्करबाट दुईको मृत्यु

**राजविराज**/सेना चढेको गाडीले ठक्कर दिँदा एक मोटरसाइकल चालकको मृत्यु भएको छ भने ट्रकको ठक्करबाट एक साइकलयात्रीको ज्यान गएको छ।

पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको रुपनी गाउँपालिकास्थित रुपनी चौकमा बुधबार दिउँसो सेनाको गाडीले ठक्कर दिएको हो।

पूर्वबाट पश्चिम जाँदै गरेको सेना सवार बा.१ग. १९८१ नम्बरको वानटन गाडीले स.५प. ५०७६ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक सप्तरीको अग्निसाइर कृष्णासवरण गउँपालिका २ निवासी ६५ वर्षिय रामचन्द्र प्रसाद चौधरीको मृत्यु भएको हो।

ठक्करबाट गम्भिर घाइते भएका चौधरीलाई तत्काले उद्दार गरि उपचारका लागि राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताल ल्याउँदै गर्दा बाटोमै मृत्यु थियो।

सूर्य दलगण बिराटनगरबाट भैरवादल गण ललितपुरका लागि ३२ जना सेनाको टोली लिएर जाँदै गर्दा सो गाडी दुर्घटनामा परेको प्रहरीको भनाई छ।

यता ठक्कर दिने गाडी र चालक सुनसरीको धरान उपमहानगरपालिका वडा नं. १७ निवासी मनिसराज राईलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

यसअघि सप्तरीको रुपनी गाउँपालिका ६ स्थित बिरेन्द्र बजार खण्डमा सोमबार राती ट्रकको ठक्करबाट एक साइकल यात्रीको मृत्यु भएको छ।

पूर्वपश्चिम राजमार्ग अन्तरगत सो सडकखण्डमा राती ९ बजेतिर

*बाँकी पाँच पृष्ठमा*

# खानपानमा के-कसरी ध्यान दिने ?



कमला गुरुङ

काठमाडौं उपत्यका लगायत देशभर चिसो बढेको छ। गर्मीमा भन्दा जाडो मौसममा भाइरल इन्फेक्सनको जोखिम बढी हुन्छ।

रोग प्रतिरोधात्मक क्षमता पनि चिसो मौसममै कम हुने चिकित्सक बताउँछन्। रोग प्रतिरोधात्मक क्षमता कम हुँदा विभिन्न रोग लाग्ने तथा भएका रोग पनि बढेर जाने खतरा हुन्छ।

चिसोमा रोग प्रतिरोधात्मक क्षमता किन कम हुन्छ, विशेषगरी कुन उमेर समूहले र कसरी ध्यान दिनुपर्छ लगायत विषयमा हामीले पोषणविद् बिनिता पन्तसँग कुराकानी गरेका छौं। पन्तसँग गरिएको कुराकानी यहाँ प्रस्तुत गरिएको छ :

**चिसोमा रोग प्रतिरोधात्मक क्षमता किन कम हुन्छ ?**

- जाडोमा शरीरलाई तातो बनाउन धेरै पौष्टिक तत्व खर्च हुन्छ।
- शरीरमा ती पौष्टिक तत्वको कमी हुँदा रोग प्रतिरोधात्मक क्षमता कम हुन्छ।

**चिसोमा रोग प्रतिरोधात्मक क्षमता कम हुँदा शरीरमा के-के स्वास्थ्य समस्या देखिन सक्छन् ?**

- चिसोमा विशेषगरी रुघाखोकी, निमोनिया, दम, जोर्नी दुख्ने, बाथ रोग बल्झिने समस्या धेरै हुन्छ।

**चिसो मौसममा कुन उमेर समूहका व्यक्तिले बढी सावधानी अपनाउनुपर्छ ?**

- बालबालिका र ज्येष्ठ नागरिकले चिसोमा बढी सावधानी अपनाउनुपर्छ।

**चिसोमा विशेषगरी खानपानमा के-कसरी ध्यान दिन सकिन्छ ?**

- हरेक मौसममा सन्तुलित खाना शरीरको लागि आवश्यक पर्छ।
- अन्न, दाल-गेडागुडी, फलफूल-तरकारी, माछा-मासु-अण्डा-दूध र चिल्लो-तेल गरी यी पाँच खाद्य समूह खानामा समावेश हुनुपर्छ।
- शरीरको तौल, उचाइ र काम अनुसार खानाको मात्रा मिलाएर खानुपर्छ।
- जाडोमा पाइने फापर, कोदो, गहुँको रोटीले शरीरलाई शक्ति दिन्छ।
- चिसोमा पाइने अमिलाजन्य फलफूलले रोग प्रतिरोधात्मक क्षमता बढाउँछ।
- अदुवा, ल्वाङ, मरिच लगायत मसलाले शरीरलाई तातो बनाउन मद्दत गर्छ।
- फलफूल दैनिक २ सय देखि ४ सय ग्राम र तरकारी ३ सय देखि ५ सय ग्राम खानुपर्छ।

**चिसोमा के खानेकुरा खानु हुँदैन, जसले हाम्रो रोग प्रतिरोधात्मक क्षमता घटाउँछ ?**

- चिसो कोल्ड ड्रिंक्स, आइसक्रिमजन्य चिसो खानेकुरा खानु हुँदैन।
- प्रशस्त मात्रामा पानी पिउनुपर्छ।

**अन्त्यमा के सल्लाह-सुझाव दिनुहुन्छ ?**

- चिसोमा सकेसम्म दीर्घरोगीहरु बिहानै व्यायाम गर्न बाहिर निस्कनु हुँदैन।
- घर भित्रै बसेर व्यायाम गर्नुपर्छ। व्यायाम साँझतिर पनि गर्न सकिन्छ।
- दिनको दुई कपभन्दा बढी चिया पिउनु स्वास्थ्यका लागि हानिकारक हुन्छ।
- तातो झोलिलो पदार्थ चिसोमा शरीरका लागि फाइदाजनक हुन्छ। स्वास्थ्य खबरबाट

# मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना :**१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

मोवाईल नं. ९८५२८२०९३५

# महादेवा गापामा नेकपाको संघर्ष समिति गठन



**राजविराज**/सप्तरीको महादेवा गाउपालिकाको भेलाबाट नेकपा प्रचण्ड माधव समुहका दिपेन्द्र माझिको ईन्चार्जमा ५१ सदस्यीय संघर्ष समिति गठन गरेको छ।

महादेवा गाउँपालिका वडा न. ४ डाढाको भगवती स्थानमा सम्पन्न भेलावाट यादवको संयोजत्वमा ५१ सदस्य संर्घष समिति गठन गरिएको हो।

गत पुस ५ गते प्रधानमन्त्री केपी शर्मा ओलिले संविधान विपरित विना कारण संसद विघटन गरेको विरोधमा संघर्ष समिति गठन गरिएको जनाइएको छ।

यसैगरि उपसंयोजकमा वासुदेव यादव, सुरेन्द्र यादव, राजनारायण साह, कृष्णा मंडल रहेका छन् भने सदस्यहरुमा देवराम यादव, रामचन्द्र मंडल, रामनारायण सरदार, मो. डोमन, राधेश्याम यादव, रामविलाश यादव, उमेश यादव, राजाराम यादव, हरिनाराण यादव, पुरुषोतम मंडल, जयनारायण अधिकारी, देवु राम, कृतनारायण यादव, भिमशेन मालि हरेराम मंडल, भागवत साह, वैजु कामैत सत्रुधन यादव, लगायत सदस्य संघर्ष समितिमा चयन गरिएको छ।

नेकपा जिल्ला अध्यक्ष अशोक कुमार मंडलको प्रमुख अतिथ्यमा सम्पन्न कार्यक्रममा विशेष अतिथि नेकपाका प्रदेश सदस्य तथा २ नं. प्रदेश संघर्ष समितिका संयोजक महेश प्रसाद यादव लगायतको नेता तथा कार्यकर्ताहरुको उपस्थिति रहेको थियो।

## कुटपिट मुद्दामा फरार महिला पक्राउ

**राजविराज**/प्रहरीले कुटपिट मुद्दामा फरार रहेकी एक महिलालाई चार वर्षपछि पक्राउ गरेको छ।

पक्राउ पर्नेमा जिल्लाको महदेवा गाउँपालिका १ पकरीकी ३९ वर्षिया सरातुल खातुन रहेका छन्।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार जिल्ला अदालतका न्यायाधीश ईश्वरीप्रसाद गौतमको इजलासले आरोपित खातुनलाई २०७३ फागुन ८ गते कुटपिट अंगभंग मुद्दामा अदालतबाट चार वर्ष कैद र एक लाख ५० हजार जरिवाना तोकेपछि उनी फरार थिइन्।

गाउँकै मो. मुर्तुजा मिया तथा उनका परिवारको सदस्यमाथी भएको सांघतिक आक्रमणपछि प्रहरीले कुटपिट अंगभंग मुद्दा चलाएपछि अदालतले तोकेको सजाय भुक्तान नगरि फरार भएका सो घटनाका अन्य केही आरोपित व्यक्ति अझै फरार रहेको र खोजी कार्य जारि रहेको प्रहरीको भनाई छ।

घरमै लुकिबसेको अवस्थामा बुधबार पक्राउ परेकी उनलाई अदालतमा उपस्थित गराउँदा अदालतको आदेशले तोकिएको सजाय भुक्तानका लागि कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भुवनेशवर साहले जानकारी दिएका छन्।

### *गाडीको...*

पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको मालबाहक ट्रकले बिपरित दिशाबाट आउँदै गरेको साइकल यात्रीलाई ठक्कर दिएको थियो।

ठक्करबाट गम्भिर घाइते भएका सप्तरीको विष्णपुर गाउँपालिका १ बाजिदपुरका ३५ वर्षिय राजकुमार खत्वे मण्डललाई उपचारका लागि युनिक अस्पताल लैजादै गर्दा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भुवनेश्वर साहले जानकारी दिएका छन्।

यता ठक्कर दिई भागेका ट्रकका चालक बिराटनगर उपमहानगरपालिका ६ निवासी तथा ट्रकलाई पनि घटनास्थल भन्दा ४ किलोमिटर टाढाँ महुली क्षेत्रबाट नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ।

### *काँग्रेस सप्तरीद्वारा ...*

संज्ञा दिएका छन्।

प्रदर्शनपछि आयोजित सभालाई सम्बोधन गर्दै काँग्रेसका नेताहरुले उक्त कदम नसच्याएसम्म आन्दोलन जारि रहने र आन्दोलनबाटै प्रतिनिधिसभा पुर्नस्थापना गराई छाड्ने उदघोषसमेत गरे।

नेपाली काँग्रेस सप्तरीका सभापति दिनेशकुमार यादवले प्राप्त उपलब्धि र संविधानको रक्षाका लागि प्रतिनिधिसभा विघटन बिरुद्ध रहेका सबै शक्ति एकजुट भई लाग्नु पर्ने बताए। प्रतिनिधिसभा विघटन असंबैधानिक कदम भएकाले असंबैधानिक कदमलाई आन्दोलनबाटै तहलगाउनु पर्ने उनको जोड थियो।

प्रदेशसभा निर्वाचन क्षेत्र नं. १ को महुली र वैरवा, २ को राजविराज र सकरपुरा, ३ को खुरहुरिया र पत्थरगाढा तथा ४ को सिसुवा र बोदेबरसाइन बजारमा गरि एकै दिन जिल्लाका ८ वटै क्षेत्रमा बिरोधसभा भव्यरुपमा सम्पन्न भएको नेपाली काँग्रेस सप्तरीका प्रवक्ता प्रभातकुमार ललनले जनाएका छन्।

### *लागुऔषध कारोबारी ...*

लागि कारागार चलान गरिएको छ।

सो नगरपालिका वडा नं. १० खडकपुर निवासी ४३ वर्षिय रंजित कुमार यादवालाई जिल्ला अदालत सप्तरीले अनुसन्धानका लागि कारागार चलान गरिएको हो।

गत कात्तिक १४ गते पक्राउ परेका यादवले आफ्नै कुखुरा फर्ममा औषधी पसल समेत संचालन गरि लागुऔषधको कारोबार समेत गरेको अवस्थामा प्रहरीले पक्राउ गरेको थियो।


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेटनुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर ११११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


# अन्तर्राष्ट्रिय समाचार

## कोरोनाका कारण लेबनानमा १० चिकित्कसको मृत्यु, १५ आइसियुमा

**बेरुत**/कोरोनाभाइरसबाट सङ्क्रमित भएर लेबनानमा १० चिकित्सकको मृत्यु भएको छ।

कोरोनाबाट सङ्क्रमित भएका मध्ये अरु १५ चिकित्सक अति सघन कक्षमा उपचार गराइरहेका छन् भने झण्डै २०० जना क्वारेन्टीनमा रहेका छन्। मृत्यु भएका मध्ये सवैभन्दा पछि शुक्रबार लेबनानको चिकित्सा सम्वन्धी एउटा सवैभन्दा ठूलो संस्थाका प्रमुख रहेका चाराफ अबौ चाराफको मृत्यु भएको छ।

“महामारीले नराम्ररी सताउने छ, आम नागरिक सवै अत्यन्त संवेदनशिल र सचेत हुन आवश्यक छ, स्वास्थ्यकर्मीहरुले पनि काम गर्दा उच्च सतर्कता अपनाउनु पर्छ,” अबौ चाराफले भन्नु भएको थियो। उहाँ निधन हुनु अघि क्रिसमस र नयाँ बर्ष मनाउने एउटा सार्वजनिक समारोहमा सहभागी हुनुभएको थियो। तर उहाँले पर्याप्त ख्याल नगरेकाले उहाँ सङ्क्रमित र ग्रसित भएको बताइएको छ।

लेबनानमा बिहीबार मात्रै चार हजार ७७४ जना नयाँ सङ्क्रमित थपिएका छन्। योसँगै अहिलेसम्म कुल सङ्क्रमितको सङ्ख्या दुई लाख चार हजार ६९९ रहेको अधिकारीहरुले जनाएका छन्। त्यसैगरी पछिल्लो समय थप १६ जनाको कोरोनाका कारण मृत्यु भएसँगै कुल मृतकको सङ्ख्या एक हजार ५६६ पुगेको स्वास्थ्य मन्त्रालयले जनाएको छ। एजेन्सी

## मलेसियामा बाढीका कारण ६ को मृत्यु, ५० हजार विस्थापित

**मेन्ताकाब**/मलेसियामा अत्यधिक बर्षापछि आएको बाढीमा परेर कम्तीमा छ जनाको मृत्यु भएको छ। देशको पूर्वीतटीय क्षेत्र पाहाङ राज्यमा आएको बाढीका कारण अरु ५० हजारभन्दा बढी विस्थापित भएको अधिकारीहरुले शुक्रबार जानकारी दिएका छन्। बर्षापछि तटीय क्षेत्रमा पानी भरिएर मानवीय क्षति भएको प्रत्यक्षदर्शीहरूको भनाइ छ। उनीहरुले आधा शतब्दीकै सवैभन्दा खराब बाढी आएको पनि बताएका छन्।

घटनास्थलमा पिडितहरूलाई उद्धारका लागि ठूलो सङ्ख्यामा उद्धारकर्ताहरु परिचालन गरिएको अधिकारीहरुले जनाएका छन्। बाढी गएको क्षेत्रमा लगातार बाक्लो बर्षा भएको थियो। बर्षापछिको बाढीले बस्ती डुवानमा परेपछि ४७ हजारभन्दा बढी मानिस विस्थापित भएको सरकारी प्रारम्भिक तथ्याङ्का छ।

“बाढीका कारण मैले मेरो सबै जायजेथा गुमाएको छु, बाढीले मेरो घरको छानो समेत डुवाएको छ,” कारखानामा काम गर्ने ५९ बर्षिय मजदुर तान कोङ लेङले भन्नुभयो। घटनाका बारेमा बताइरहँदा उहाँले आखाँबाट आशु झारिरहनु भएको थियो। घटना भएको क्षेत्रमा हरेक बर्ष बढी बर्षा भएको बेला बाढीले दु:ख दिने गरेको छ। बाढीका कारण मानवीय तथा भौतिक क्षति पनि हुने गरेको स्थानीयले बताएका छन्।

बाढीका कारण मुख्य राजमार्गसहित धेरै सडक सञ्जालमा क्षति भएकाले यातायात सेवा पनि प्रभावित भएको छ। एजेन्सी

## अमेरिकी राष्ट्रपति ट्रम्पको ट्वीटर खाता सधैंका लागि बन्द

**सान फ्रान्सीस्को**/अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको ट्वीटर खाता सधैंका लागि बन्द भएको छ। ट्वीटर सञ्चालक कम्पनीले ‘एटदरेटरियलडोनाल्डट्रम्प’ नामक उहाँको खाता सधैंका लागि बन्द गरिदिएको घोषणा गरेको हो।

उहाँको ट्वीटर खाताबाट हिंसा फैलिने खतरा भएकाले हटाइदिएको कम्पनीका अधिकारीले शुक्रबार जानकारी दिएका छन्। ट्वीटरको भिडियोसम्वन्धी नीति विपरितको भिडियो उहाँले राखेकाले उहाँको खाता हटाउन बाध्य भएको कम्पनीको भनाइ छ।

अमेरिकाको संसद्मा उहाँका समर्थकले गरेको हिंसात्मक घटनासम्वन्धी भिडियो उहाँले ट्वीटरमा राखेपछि उहाँको सर्वत्र आलोचना भएको थियो। उहाँले हिंसा मच्चाउनेलाई देशभक्तको सङ्ज्ञा दिएपछि उहाँविरुद्धको आक्रोस थप बढेको थियो।

ट्वीटरमा उहाँले राखेको भिडियो हटाउन सर्वत्र दवाव आएपछि ट्वीटरले सुरुमा भिडियो हटाइदिएको थियो। त्यसपछि पनि उहाँले ट्वीटरको दुरुपयोग गरेको भन्दै ट्वीटरले उहाँको खाता केही समय बन्द गरिदिएको थियो। अहिले भने सधैंका लागि बन्द गरिदिएको हो।

राष्ट्रपति ट्रम्पले राज्यशक्तिको दुरुपयोग गरेको र लोकतन्त्रलाई खिल्ली उडाएको भन्दै धेरैले आलोचना पनि गरेका थिए। अमेरिकाका केही सांसद र चर्चित व्यक्तिले ट्रम्पको खातामाथि प्रतिबन्ध लगाउन वर्षौंदेखि माग गर्दै आएका थिए।

बिहीवार पूर्वराष्ट्रपति बराक ओबामाकी श्रीमती मिसेल ओबामाले ट्विटरले ट्रम्पको “राक्षसी व्यवहार”माथि रोक लगाउनुपर्ने र उनलाई स्थायीरूपमा निष्कासित गर्नुपर्ने बताउनु भएको थियो।

अमेरिकी संसद्ले राष्ट्रपतीय निर्वाचनमा जो बाइडेनको जितलाई औपचारिकता दिने प्रक्रिया अगाडि बढाइरहेका बेला ट्रम्पका सयौं समर्थकले संसद् भवनमा प्रवेश गरेर हिंसा मच्चाएका थिए। हिंसामा परी चारजना सर्वसाधारण र एक प्रहरी अधिकारीको मृत्यु भएको छ। एजेन्सी

# सहकारीको भूमिकालाई अझ उकास्न आवश्यक



**राजविराज**/सामाजको आर्थिक उन्नतीका लागि सहकारीको भूमिकालाई अझ उकास्न आवश्यक रहेको एक कार्यक्रमका वक्ताहरुले जोड दिएका छन् ।

जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड राजविराजको शनिबार सम्पन्न १९ औं वार्षिक साधारण सभामा सहभागि वक्ताहरुले सो कुरामा जोड दिएका हुन् ।

आयोजित सभामा प्रमुख अतिथिको आसन्नबाट बोल्दै राष्ट्रिय सहकारी बैंक राजविराजका संचालक विश्वनाथ मण्डलले जिल्लामा केही सहकारीहरुले मात्र सहकारीको मर्म अनुसार कार्य गरिरहेको बताए । उनले सहकारीको मर्म अनुसार काम गर्ने ती सहकारीहरुले मात्र जनताको विश्वास जित्न सफल भएको जिकिर गरे । अधिकांश दर्तासँगै कागजी प्रक्रियामा मात्र सीमित रहेको उनको भनाई छ ।

यस्तै सभामा संयोजक मण्डलले कोभिडका कारण अन्य संस्था जस्तै सहकारीको अवस्था पनि उकालो लाग्दो नरहेको जिकिर गर्दै अबको दिनमा सहकारीले अझ महिनेतका साथ काम गर्नु पर्ने सुझाव दिए । सामाजको आर्थिक उन्नतीका लागि सहकारी नै उत्तम विकल्प रहेकोले जनतामाझ सहकारीले आफ्नो छबीलाई सुधार्न अझ महिनेत आवश्यक रहेको उनको भनाई छ ।

संस्थाका अध्यक्ष सचिन्द्र दासको अध्यक्षतामा सम्पन्न सभामा राष्ट्रिय सहकारी बैंक राजविराजका प्रबन्धक चन्द्रमणि भटराई, जिल्ला सहकारी संघका प्रबन्धक रमेश गुप्ता, पत्रकार नवीन कुमार गुप्तालगायतले साधारणसभाको सफलताको शुभकामना दिएका थिए ।

कार्यक्रममा वडा नं. ४ का अध्यक्ष मो. अख्तर, वडा नं ७ का अध्यक्ष मागिलाल नाई, संस्थाका शेयर सदस्यलगायतको उपस्थिति रहेको थियो भने संस्थाका संचालक समिति सदस्य देवनारायण चौधरीले स्वागत मन्तब्य तथा कार्यक्रम संचालन लेखासमिति सदस्य शत्रुघनलाल दासले गरेका थिए ।

यसअघि सभामा संस्थाका अध्यक्ष दासले अध्यक्षीय तथा लेखा प्रतिवेदन सार्वजनिक गरेका थिए । गत वर्षको तुलनामा आ.ब. २०७६/७७ मा संस्थाको मुनाफा आधा भएको उल्लेख गरिएको छ । त्यस्तै गत वर्षदेखी नै व्यवसायिक कृषि फर्म संचालन गर्ने भनिएपनि कोभिडका कारण संचालन गर्न सकिएको जनाउँदै चालु आ.ब. बाट सो कार्यलाई संचालन गर्ने प्रतिवेदनमा उल्लेख छ । संस्थाले बहुउद्देश्यीय कृषि फर्म संचालनका लागि कृषि योग्य जग्गाहरु लिजमा लिने जनाइएको छ ।

कोभिड १९ का कारण यस पटक ७ वटा इकाई बैठकबाट भएका निर्णयहरुलाई समग्र रुपमा छनौट भएका प्रतिनिधिहरुबाट प्रमाणित गरि साधारण सभा सम्पन्न गरिएको संस्थाका अध्यक्ष दासले जानकारी दिए । पुस १५ गतेदेखी २३ गतेसम्म भएको इकाई बैठकबाट प्रतिनिधहरु छनौट गरिएको थियो ।

यसैबीच संस्थाको संचालक समितिको अध्यक्षमा पुनः सचिन्द्र दास सर्वसम्मतले चयन भएका छन् । त्यस्तै उपाध्यक्षमा सुनिल बैध तथा सदस्यहरुमा बैजनाथ साह, देवनारायण चौधरी, शैलेन्द्र कुमार मण्डल, नरेश देव र बिना देव चयन भएका छन् ।

यस्तै उमाशंकर देवको संयोजकत्वमा शत्रुघनलाल दास र मिना दास सदस्य रहने गरि लेखा समिति समेत सर्वसम्मतले चयन गरिएको छ ।

# बालअधिकार, बालविवाह र लैङ्गिक हिंसा सम्बन्धी बक्तृत्वकला प्रतियोगिता सम्पन्न



**राजविराज**/बालअधिकार, बालविवाह र लैङ्गिक हिंसा सम्बन्धी शुक्रबार राजविराजमा वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको छ ।

बालअधिकार चेतना समूहको कार्ययोजना अनुसार इन्सेकको आयोजनामा "अन्तर माध्यमिक विद्यालय स्तरीय वक्तृत्वकला प्रतियोगिता" सम्पन्न भएको हो ।

सो प्रतियोगितामा कक्षा ९ की अम्बिका झा प्रथम, रुपा कर्ण द्वितिय, कञ्चन यादव तृतिय र कक्षा १० की रबीना यादव सान्तवना पुरस्कारबाट पुरस्कृत भएका छन् ।

प्रतियोगिताका पुरस्कृत छात्रछात्राहरुलाई मानवअधिकार निगरानी समूहका अध्यक्ष रघुबर साह, शिक्षक गिरीराज पौडेल, सहजकर्ता दिपक यादवलगायतले पुरस्कार वितरण गरेका थिए ।

प्रतियोगितामा पब्लिक विन्देश्वरी माध्यमिक बिद्यालयका २१ जना विद्यार्थीहरुको सहभागीता रहेको थियो । स्थानीय समुदायलाई सचेत पार्दै जिम्मेवार निकायलाई जवाफदेही बनाउने इएलपी परियोजनाअन्तर्गत विद्यार्थीहरुको अगुवाईमा अतिरिक्त क्रियाकपाल सञ्चालन गरिएको जनाइएको छ ।





नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


# नेपाल सहकारीको साधारणसभा सम्पन्न



**राजविराज**/नेपाल सहकारी संस्था लिमिटेड राजविराजको १८ औं वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ ।

आयोजित सभामा वक्ताहरुले साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्दै सम्पूर्ण विश्व कोरोना महामारीको त्रासमा रहेको बेला संस्थाले सो समयमा पनि आफ्नो नियमित कार्यलाई संचालन गरि ग्राहकबीच सेवा दिइरहेकोप्रति आभार व्यक्त गरेका छन् ।

संस्थाका अध्यक्ष शत्रुधन प्रसाद गुप्ताले आयोजित सभामा अध्यक्षीय प्रतिवेदन पेश गर्दै आ.ब. २०७६/७७ मा ९४.२१ प्रतिशत ऋण लगानी असुली तथा ४८ लाख २३ हजार ४ सय १७ रुँपैया ७७ पैसा खुद नाफा संचित गरेको जनाएका छन् ।

अध्यक्ष गुप्ताको अध्यक्षतामा आयोजित सभामा लेखा प्रतिवेदन रबिनद्र भट्टले प्रस्तुत गरेका थिए भने शेयर सदस्य सुरेन्द्र प्रसाद गुप्ता, प्रबन्धक शंकर प्रसाद साहलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

iPay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*